**अनुसूची–१३**
**(दफा ७७ को उपदफा (१) सँग सम्बन्धित)**
**चलन चलाउने निवेदन**
**मिर्चैया नगरपालिकामा पेश गरेको निवेदन पत्र**

**विषयः चलन चलाई पाउँ भन्ने वारे ।**

..........................................वस्ने....................................निवेदक/वादी/प्रतिवादी
विरुद्ध
.....................................वस्ने..........................................विपक्षी/वादी/प्रतिवादी

मुद्धाः

म निवेदक निवेदन वापत रु १०।— दस्तुर साथै राखी निम्न व्यहोरा निवेदन गर्दछु ।

१. उपरोक्त विपक्षीसंगको उल्लेखित मुद्धा यस नगरपालिकाको न्यायिक समितिबाट मिति........मा निर्णय भई उक्त घर जग्गा (वा जुन सम्पत्ति भोग गर्न पाउने गरी निर्णय भएको छ सो सम्पत्ति वा वस्तु उल्लेख गर्ने) मेरो हक भोग र स्वामित्वको हुने ठहर भएकोमा श्री...... जिल्ला अदालतमा विपक्षीले पुनरावलोकन गरेकोमा सम्मानीत अदालतबाट समेत मिति.............. मा निर्णय हुँदा न्यायिक समितिकै निर्णयलाई सदर गरी मेरै हक भोग कायम गरेको हँदा सो मेरो हक भोगको कायम भएको सम्पत्ति रहेको हुँदा शिघ्रातिशिघ्र मलाई उक्त सम्पत्ति चलन चलाई पाउन यो निवेदन पेश गरेको छु ।

२. यसै निवेदन साथ देहायका कागजातहरु संलग्न गरेको छु ।

क. न्यायिक समितिले मिति............मा गरेको निर्णयको छाँयाँकपी

ख. श्री सिरहा जिल्ला अदालतले गरेको मिति............को सदर फैसलाको छाँयाँकपी

ग. यस विवाद सम्वद्ध मिसिल यसै कार्यालयमा रहेको छ ।

घ. लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज...............

इति संवत् ...... साल..............महिना..........गते..........रोज शुभम्